**मितिः२०७९/०९/२० गते नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा बसेको सचिव बैठकको निर्णयहरुः**

नेपाल, सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

१. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूबाट मितिः २०७९/०९/१९ गतेका दिन नेपाल सरकारका सचिवज्यूहरुलाई भएको निर्देशन कार्यान्वयनका लागि तयार गरिएको संलग्न कार्ययोजना स्वीकृत गरी कार्यान्वयनका लागि सबै मन्त्रालय/निकायमा पठाउने ।

२. स्वीकृत कार्ययोजनामा उल्लिखित कार्यहरु कार्यान्वयनका लागि आफू र मातहत निकायको स्पष्ट, व्यावहारिक र कार्यान्वयनयोग्य क्रियाकलापहरु (माइलस्टोन सहित) तयार गरी एक हप्ता भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

३. विकास निर्माण कार्यलाई समन्वयात्मक र द्रुततर रूपमा अघि बढाउन विकाससम्बन्धी ऐनको तर्जुमाका लागि तयार गरिएको मस्यौदामा आज बैठकमा छलफलका क्रममा उठेका विषयहरुलाई सम्बोधन गर्न र उक्त मस्यौदामा मिलाउनुपर्ने वा थपघट गर्नुपर्ने विषयहरु केही भएमा थप अध्ययन विश्लेषण गरी सम्बन्धित निकायका सचिव सम्मिलित कार्यटोलीले २०७९/०९/२६ गते भित्र उक्त कानूनको परिमार्जित मस्यौदा पेश गर्ने।

४. संघीय मन्त्रालय र मातहतका विभाग/कार्यालय/निकायको मौजुदा संगठन संरचना र दरबन्दीको पुनरावलोकन गरी कामको आधारमा नभई नहुने जनशक्ति के कति हो सोको एकीन विवरण/खाका दश दिनभित्र सम्बन्धित प्रत्येक सचिवले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

५. विभिन्न सरकारी कार्यालयहरुबाट कार्य सम्पादन र सेवा प्रवाहमा प्रयोग भइरहेका विभिन्न प्रकृति र क्षमताका सूचना प्रविधिमा आधारित प्रणाली (IT System) लाई एक अर्को निकायमा अन्तर आबद्धता (Inter Operability) हुने व्यवस्था मिलाउने।

मुख्य सचिव